# स्थानीय राजपत्र

देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ३) देवदह नगरपालिका, मितिः २०७७/०३/२४ (संख्या २

## भाग–१

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७७ सालको ऐन नं. २

### ऐनको नाम : देवदह नगरपालिकाको विनियोजन ऐन, २०७७

नगर सभाबाट स्वीकृत मितिः २०७७/०३/२३

<u>प्रस्तावना :</u> देवदह नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको

धारा २२९ को उपधारा (२) बमोजिम देवदह नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "देवदह नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु **१०१३३८००००** (अक्षेरुपी एक अरव एक करोड तेत्तिस लाख असि हजार मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. बिनियोजन**

१. यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त देवदह नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत

हुने र कुनैमा अपुग हुने देखीन अएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

नेपालको संविधानको धारा २३० को उपधारा (१) अनुसार राजश्व र व्ययको अनुमान तपसिल वमोजिम रहेको छ।

## आ.व. ०७७/७८ लागि अनुमानित आय

| क्र. सं. | शिर्षक | आ.व.०७७/०७८ को अनुमानित |
|---|---|---|
| | आन्तरिक आय | |
| १ | आन्तरिक राजश्व | ९७९३१३६० |
| २ | गत वर्षका क्रमागत योजना | १५५३६२००० |
| ३ | गत वर्षको नगद मौज्दात | ५०००००० |
| | जम्मा | ३०३२९३३६० |
| | प्रदेश ५ वाट प्राप्त | |
| १ | वित्तिय समानिकरण प्रदेश ५ | ५६७०००० |
| २ | राजश्व वाडफाड सवारी साधन कर प्रदेश ५ | १२०९५००० |
| ३ | समपुरक कोष प्रदेश ५ | २०००००० |
| ४ | शशर्त अनुदान प्रदेश ५ | १७८५०००० |
| ५ | विशेष अनुदान प्रदेश ५ | ७००००० |
| | जम्मा | ६२६१५००० |
| | संघिय सरकारवाट प्राप्त | |
| १ | शशर्त अनुदान संघिय | २३७८००००० |
| २ | सामाजिक सुरक्षा | १३८५००००० |
| ३ | समपुरक अनुदान | १५९०००० |
| ४ | वित्तिय समानिकरण संघ | १५२९००००० |
| ५ | राजश्व वाडफाड संघ | १०२३७१६४० |
| | जम्मा | ६४७४७१६४० |
| | कुल जम्मा | १०१३३८०००० |

# आ.व. ०७७/७८ लागि अनुमानित व्यय

| शिर्षक | उपशिर्षक | विनियोजन | शशर्त | जम्मा | क्षेत्रगत जम्मा |
|---|---|---|---|---|---|
| आर्थिक विकास | सहकारी | ५००००० | ० | ५००००० | ४६२३५००० |
| | पर्यटन | १०००००००० | ५००००० | १०५००००० | |
| | उद्योग तथा वाणिज्य | ० | ३०००००० | ३०००००० | |
| | पशु सेवा | १३८८५००० | ३६००००० | १७४८५००० | |
| | कृषि सेवा | १०८५०००० | ३९००००० | १४७५०००० | |
| सामाजिक विकास | लैङ्गिक समानता सामाजिक समावेशिकरण | ८२००००० | ३८००००० | १२०००००० | ४२१९००००० |
| | स्वास्थ्य | ११५००००० | ५१०००००० | ६२५००००० | |
| | शिक्षा | ३३६००००० | १७२३००००० | २०५९००००० | |
| | खेलकुद | ३०००००० | ० | ३०००००० | |
| | सामाजिक सुरक्षा | ० | १३८५००००० | १३८५००००० | |
| पूर्वाधार विकास | भवन तथा शहरी विकास | २०८००००० | ० | २०८००००० | ७१०००००० |
| | स्थानीय पुल पलेसा | ३५४००००० | ४०००००० | ३९४००००० | |
| | उर्जा | | ८००००० | ८००००० | |
| | स्थानीय पुर्वाधार साझेदारि कार्यक्रम | १०००००००० | ० | १०००००००० | |
| वातावरण तथा विपद व्यवस्थापन | वातावरण तथा विपद व्यवस्थापन | १२७००००० | ० | १२७००००० | १२७००००० |
| संस्थागत विकास तथा सेवा प्रवाह | संस्थागत विकास तथा सेवा प्रवाह | १७०००००० | ० | १७०००००० | १४९१००००० |
| | अभिलेख व्यवस्थापन | ४०००००० | ० | ४०००००० | |
| | वित्तिय व्यवस्थापन तथा सेवा प्रवाह | ३५००००० | ० | ३५००००० | |
| | पुर्वाधार ल्याव स्थापना | १०००००० | ० | १०००००० | |
| | बजार अनुगमन | ३००००० | ० | ३००००० | |
| | सूचना प्रविधि | ५००००० | ० | ५००००० | |

| शिर्षक | उपशिर्षक | विनियोजन | शशर्त | जम्मा | क्षेत्रगत जम्मा |
|---|---|---|---|---|---|
| | संचार | | | | |
| | एम आइ एस अपरेटर | ० | ४५००००० | ४५००००० | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ६३००००० | ६३००००० | |
| | नगरपालिका कार्यालय संचालन | ११२०००००० | ० | ११२०००००० | |
| प्रदेश ५ शशर्त | | ० | २४८५०००० | २४८५०००० | |
| क्रमागत योजना | | ८१२३३००० | २०००००००० | १०१२३३००० | |
| वडा कार्यालय | | ३१०००००० | ० | ३१०००००० | |
| गत वर्षका योजनाहरु | | १५५३६२००० | ० | १५५३६२००० | |
| जम्मा | | ५७६३३०००० | ४३७०५०००० | १०१३३८०००० | |

प्रमाणीकरण मिति : २०७७/०३/२४

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत